गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, तनहुँ

फो.नं:०६५-५६३१३०
ईमेल:akctanahun@gmail.com
वेवसाईट:tanahun.akc.gov.np

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने म्याद थप सम्बन्धी सूचना

*(तेस्रो पटक प्रकाशन भएको मिति २०८२/०७/१७)*

यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्ला भित्रका कृषि फर्म/कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो तेस्रो पटक सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र (२०८२/०८/०१ गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रू लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि कार्यक्रमहरु** | | | | |
| १.१ | खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ४० हेक्टर | ४० | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनामा खेती गर्नुपर्नेछ।(खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.२ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३ हेक्टर | ४.५ | खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।(बीउ उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.३ | चैतेधान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ९५ हेक्टर | ९५ | कृषि समूह/सहकारीमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम ५० रोपनी क्षेत्रफल क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा चैतेधान खेती गर्नुपर्नेछ।(खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.४ | लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | ५०-९० | १ पटक | ३५ | कालिगण्डकी कोरिडोरसंग जोडिएका स्थानीय तहका कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी मार्फत विविध कृषिजन्य बालीहरुमा मापदण्डमा तोकिए बमोजिम सञ्चालन गर्नुपर्ने (लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २. | **समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम** | | | | |
| २.१ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | बढीमा ९० | ३ पटक | १५ | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षाको लागि विविध कार्यक्रम गर्नु पर्ने। (ग्रामीण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८) |
| ३ | **कृषि उद्यम प्रवर्धन कार्यक्रम** | | | | |
| ३.१ | कृषि उद्यम विकास कार्यक्रम | ५० | ७ पटक | ३५ | कृषि उपजको ग्रेडिङ, लेवलिङ, प्याकिङ तथा प्रशोधन सम्वन्धि कार्यका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

गोपाल शर्मा लामिछाने
प्रमुख

CamScanner

आवश्यक कागजातहरु

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन र स्पष्टरुपले भरिएको प्रस्तावना फारम,
२) नेपाली नागरिकताको प्रमाणपत्र,
३) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,
४) कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
५) कृषि फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ:
दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (सहकारीको हकमा मात्र), निर्णयको प्रतिलिपि ( समूह र सहकारीको हकमा), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)

| |
|---|
| पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड पूर्णरुपमा लागू हुनेछन् । उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन। |

**थप जानकारीको लागि: कृषि ज्ञान केन्द्र तनहुँ, फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६३६१९१८, वेवसाईट: tanahun.akc.gov.np**

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तनहुँ

**गोपाल शर्मा लामिछाने**
**प्रमुख**

CamScanner